# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०३।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला डोटी सायल गाउँपालिका वडा नं. ५ मा आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित रकमवाट मेल्लेख चनपन्ना सडकको काम नै नगरी मिलेमतोमा रकम भुक्तानी दिई आर्थिक अनियमितता/भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा डोटी जिल्ला, सायल गाउँपालिका वडा नं. ५, को मेल्लेख चनपन्ना देवरमाण्डौ, कृषि सडक योजनामा रु.१४,३४,२८६।१४ बराबरको कार्य फिल्डमा नभएको र हुँदै नभएको कामको समेत रकम भुक्तानी दिएको/लिएको पुष्टि हुन आएकोले देहायका कर्मचारी एवं व्यक्तिहरुलाई देहाय बमोजिमको कसुरमा देहाय अनुसार सजाय हुन मागदाबी लिई आज बिशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहायः**

**(१) तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नवराज सापकोटाले** मेल्लेख, चनपन्ना, देवरमाण्डौ कृषि सडक योजनामा फिल्डमा हुँदै नभएको कामको समेत नापी किताव र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरेको, उनाऊ व्यक्तिहरुबाट सहि गरी गराई मान्यता दिई गैरकानूनी भुक्तानीसमेत गरी सरकारी हानिनोक्सानी पुऱ्याएको, गाउँपालिकास्तरीय अनुगमन प्रतिवेदनमा "हाल कार्यसम्पन्न नभएको देखिएकोले कार्यसम्पन्न भएपछि मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ" भनी स्पष्ट राय उल्लेख हुँदाहुँदै काम सम्पन्न नहुँदै उक्त सडकको उपभोक्ता समितिलाई सम्झौतामा निर्धारित ल.ई. भन्दा कम काम भएको भन्ने देखिंदा देखिदै बढी भुक्तानी दिई शर्त उल्लंघन गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ (१) को देहाय खण्ड (ग) मा उल्लेखित कसुर गरेकोले निज **नवराज सापकोटा**उपर रु १४,३४,२८६।१४ (चौध लाख चौतीस हजार दुईसय छयासी रुपैया चौध पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ (१) वमोजिम कैद र बिगो असुल उपर गरी बिगो वमोजिम जरिवाना गर्न साथै निजले उक्त सडकको गलत नापी किताव र कार्य सम्पन्न प्रतिवेदन स्वीकृत गरी गलत प्रतिवेदन दिने कार्य गरेकोले यस्तो कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १९ (२) बमोजिमको समेत कसुरजन्य कार्य भएकोले निजलाई सोही ऐनको उक्त दफा १९ (२) मा उल्लेख भए वमोजिम थप कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ ।

**(२) तत्कालीन इन्जिनियर किरण सागर भण्डारीले** मेल्लेख, चनपन्ना, देवरमाण्डौ कृषि सडक योजनाको नापी किताबमा उनाऊ व्यक्तिहरुबाट सही गरी गराई मान्यता दिई गैरकानूनी हानिनोक्सानी पुऱ्याएको, गाउँपालिकास्तरीय अनुगमन प्रतिवेदन फाराममा "हाल कार्यसम्पन्न नभएको देखिएकोले कार्यसम्पन्न भएपछि मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ" भनी आफैले समेत स्पष्ट राय उल्लेख गरेकोमा सम्झौतामा निर्धारित ल.ई.भन्दा कम काम भएको भन्ने देखिँदा देखिँदै नभएको नगरेको कामलाई भएको गरेको भनी फिल्डमा हुँदै नभएको कामको समेत नापजाँच गरी परीक्षण गर्दा ठीक छ भनी हस्ताक्षर गरी नापी किताव, कार्य सम्पन्न प्रतिवेदन बनाई निमित्त कार्यालय प्रमुख नवराज सापकोटासमक्ष पेश गरी निर्धारित शर्त उल्लंघन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को देहाय खण्ड (ग) को कसुर गरेकोले निज **तत्कालीन इन्जिनियर किरण सागर भण्डारी**उपर रु.१४,३४,२८६।१४ (चौध लाख चौतीस हजार दुईसय छयासी रुपैया चौध पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) वमोजिम कैद र बिगो वमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै निजले उक्त सडकको गलत नापी

किताव र कार्य सम्पन्न प्रतिवेदन तयार गरी गलत प्रतिवेदन दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९(२) बमोजिमको कसुरजन्य कार्य गरेकोले निजलाई सोही ऐनको उक्त दफा १९(२) मा उल्लेख भए वमोजिम थप कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ ।

(३) **सायल गाउँपालिका वडा नं. ५ का तत्कालीन वडाध्यक्ष गणेश बहादुर वोगटी**ले मेल्लेख चनपन्ना देवरमाण्डौ कृषि सडक योजनाको वडास्तरीय र गाउँपालिकास्तरीय अनुगमन प्रतिवेदन फाराममा "हाल कार्यसम्पन्न नभएको देखिएकोले कार्यसम्पन्न भएपछि मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ" भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को उपदफा (२) को खण्ड घ.(१) को अधिकार अन्तर्गत वडाध्यक्ष आफैले आफ्नै वडाको मेल्लेख चनपन्ना देवरमाण्डौ कृषि सडक योजनाका सम्बन्धमा स्पष्ट राय उल्लेख गरेकोमा आफैंले पेश गरेको अनुगमन प्रतिवेदन विपरीत हुने गरी उपभोक्ता समितिलाई भुक्तानीको लागि सिफारिस पत्र दिई सरकारी सम्पत्ति बदनियतपूर्वक हानिनोक्सानी गरी गराई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) को कसुर गरेकोले निज तत्कालीन वडाध्यक्ष गणेश बहादुर वोगटीउपर रु.१४,३४,२८६।१४ (चौध लाख चौतीस हजार दुईसय छयासी रुपैया चौध पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (३) वमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

(४) **तत्कालीन लेखापाल दीपक कार्की**ले मेल्लेख, चनपन्ना, देवरमाण्डौ कृषि सडक योजनाको नापी कितावमा उनाऊ व्यक्तिहरुबाट सही गरी गराई मान्यता दिई गैरकानूनी भुक्तानीसमेत दिलाई सरकारी हानिनोक्सानी पुऱ्याएको साथै उपभोक्ता समितिलाई नभएको नगरेको कामलाई भएको, गरेको भनी सरकारी कोषबाट बढी भुक्तानी दिई शर्त उल्लंघन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय खण्ड (ग) मा उल्लेख भए अनुसारको कसुर गरेकोले निज तत्कालीन लेखापाल दीपक कार्कीउपर रु.१४,३४,२८६।१४ (चौध लाख चौतीस हजार दुईसय छयासी रुपैया चौध पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८(१) वमोजिम कैद र बिगो वमोजिम जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिइएको छ ।

**(५) उपभोक्ता समितिका अध्यक्ष दली डुम्रेल, सचिव पदम बहादुर खाती र कोषाध्यक्ष डोल्मा कुमारी वोगटी (खड्का) ले** मेल्लेख, चनपन्ना, देवरमाण्डौ कृषि सडक योजनाको वडास्तरीय र गाउँपालिका स्तरीय अनुगमन प्रतिवेदन फाराममा "हाल कार्यसम्पन्न नभएको देखिएकोले कार्यसम्पन्न भएपछि मात्र भुक्तानी गर्नुपर्ने देखिन्छ" भनी प्रतिवेदन पेश भएको अवस्थामा उक्त सडकको उपभोक्ता समितिले आफूलाई गैरकानूनी लाभ पुऱ्याउने बदनियतले सायल गाउँपालिकासमक्ष गरेको सम्झौताको शर्त पालना नगरी सम्झौतामा निर्धारित ल.ई. भन्दा कम काम भएको स्पष्ट देखिंदा देखिंदै नभएको नगरेको कामलाई भएको गरेको भनी शर्त उल्लंघन गरी रकम भुक्तानीको लागि निवेदन पेश गरी कार्य सम्पन्न प्रतिवेदनसहित नगरेको कामको समेत रकम भुक्तानी लिई गैरकानूनी लाभको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसुर गरेकोले निजहरु **उपभोक्ता समितिका अध्यक्ष दली डुम्रेल, सचिव पदम बहादुर खाती र कोषाध्यक्ष डोल्मा कुमारी वोगटी (खड्का)** उपर रु.१४,३४,२८६।१४ (चौध लाख चौतीस हजार दुईसय छयासी रुपैया चौध पैसा) बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) वमोजिम कैद वा बिगो बमोजिम जरिवाना गरी बिगोसमेत जफत हुन मागदाबी लिइएको छ ।

प्रवक्ता

श्याम प्रसाद भण्डारी